# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७ संख्या २० मिति २०८०/११/२१**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

## प्रसुती केन्द्रमा भान्छाघर (सञ्चालन) कार्यविधि (पहिलो संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।११।२०

| सि.न. | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप प्रावधान | संशोधन तथा थप गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | ७(७) | भान्छाघर सञ्चालनको लागि सहयोग पुऱ्याउने कर्मचारीलाई प्रोत्साहन स्वरुप एक मुष्ट रुपमा प्रति सुत्केरी रु १००।- का दरले प्रदान गर्ने व्यवस्था गर्न सकिनेछ । | भान्छाघर सञ्चालनको लागि सहयोग पुऱ्याउने कर्मचारीलाई प्रोत्साहन स्वरुप एक मुष्ट रुपमा प्रति सुत्केरी रु २००।- का दरले प्रदान गर्ने व्यवस्था गर्न सकिनेछ । सहयोग पुऱ्याउने कर्मचारीले रकम बुझे वापत अनुसूची ३ बमोजिमको ढाँचामा भरपाई गरी शाखामा पेश गर्नु पर्नेछ । | पाउने रकम न्यून भएको र भुक्तानी रकम पारदर्शी बनाउनु पर्ने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| २ | | | **अनुसूची ३**<br>(दफा ७ को उपदफा ७ सँग सम्बन्धित)<br>**सुत्केरी भान्छा घर सेवामा सहयोग पुऱ्याउने कर्मचारीले गरेको भरपाई**<br><br>म..................ले यस स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा आएर सुत्केरी भई सुत्केरी महिलालाई पालुङटार नगरपालिका मार्फत प्रदान हुने सुत्केरी भान्छाघर सेवा लिने कार्यमा सहयोग पुऱ्याए वापत दफा ७ को उपदफा ७ बमोजिम व्यवस्था गरेको रकम बुझी लिई यो भरपाई गरीदिएँ ।<br>नम थर:<br>पद:<br>संस्थाको नाम:<br>दस्तखत:<br>मितिः | बिना भरपाई भुक्तानी रकम माग भएकोले । |

आज्ञाले,<br>
गौतम भण्डारी<br>
प्रमुख प्रशासकीय अधिकृत